प्रतिदिन १७ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**मानव बेचबिखन अपराध हो ।**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।
- यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।
- त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खवर गरौं ।

वर्ष-१७ । । अङ्क : १९६ ॥ २०८२ भाद्र ११ गते बुधवार (27th Aug 2025 Wednesday) **Pratidin** National Daily मूल्य-रु.५/-

## श्रीमती झुन्डिदा आत्महत्या दुरुत्साहन आरोपमा श्रीमान पक्राउ



झापा(प्रस) । झापाको मेचीनगरमा श्रीमतीले झुन्डिएर आत्महत्या गर्दा आत्महत्या दुरुत्साहन आरोपमा श्रीमान पक्राउ परेका छन् । बुद्धशान्ति गाउँपालिका-३ घर भई हाल मेचीनगर वडा नं. १३ चारआली चोकस्थित सरोज भट्टराईको घरमा कोठा भाडा लिई बस्दै आएका यज्ञप्रसाद ढकालकी श्रीमती ३० वर्षीया कबिता चिमरिया ढकालले आइतवार बिहान ११ बजे शौचालयको बलोमा सलको पासो लगाई आत्महत्या गरेकी थिइन् । घटनाबारे प्रहरी चौकी चारआलीमा जानकारी प्राप्त हुनासाथ प्रहरी नायव निरीक्षक कुमार खड्काको कमाण्डमा टोली खटिएर घटनास्थल सुरक्षित राखेको थियो ।थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय धुलाबारीबाट प्रहरी निरीक्षक पाण्डवकुमार राजवंशीको कमाण्डमा टोली खटिएको थियो । सोही दिन दिउँसो २ बजे प्रहरीले सम्पूर्ण कानुनी प्रकृया पुरा गरी शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाएको थियो । माइती पक्षले श्रीमान यज्ञप्रसादकै कारण कबिताले आत्महत्या गरेको भन्दै प्रहरीमा आत्महत्या दुरुत्साहन सम्बन्धी जाहेरी दिएका छन् । माइती पक्षले जाहेरी दिएपछि श्रीमान यज्ञप्रसादलाई सोमवार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्र खड्काले बताए । अदालतबाट पाँच दिनको म्याद थप गरी उनीमाथि थप अनुसन्धान भइरहेको डीएसपी खड्काले जानकारी दिए । घटना हुनुभन्दा अगाडि सोही दिन बिहान यज्ञप्रसादले मादक पदार्थ सेवन गरी कवितामाथि आज जे पनि हुनसक्छ भनेर माइती पक्षलाई धम्क्याएको बताइएको छ ।

## विरिङमा दुईवटा सवारी साधन जुध्दा एकजनाको मृत्यु, चार घाइते



झापा(प्रस) । झापाको कन्काई नगरपालिका ८ स्थित विरिङ पुलमा मंगलवार राति दुईवटा सवारी साधन एकापसमा जुध्दा एकजनाको मृत्यु भएको छ भने चारजना घाइते भएका छन् ।

राति ८:४० बजे बिरिङ पुलस्थित पूर्वपश्चिम राजमार्गमा सुरुङ्गाबाट बिर्तामोडतर्फ आउँदै गरेको मे १ च ५४४६ नम्बरको पिकअप र बिपरित दिशाबाट जाँदै गरेको मे १ च ३४४० नं. को मारुती भेन एक आपसमा ठक्कर खाई दुर्घटना भएको हो । दुर्घटनामा भेन चालक शिबसताक्षी ७ बस्ने २९ वर्षीय नवराज बाँस्कोटा घाइते अवस्थामा रहेकाले तत्काल उद्धार गरी बीएण्डसी अस्पताल पठाएकोमा डाक्टरले चेकजाँच गर्दा उनको मृत्यु भइसकेको थियो । सोही भेनमा सवार शिबसताक्षी ७ बस्ने ४० वर्षीय पृथ्वीनाथ साह, उनकी श्रीमती ३७ वर्षीया पुनमदेबी साह , छोरा १४ वर्षीय प्रसन्न साह , छोरी ९ वर्षीया प्रन्सा साह घाइते भएका छन् । चारैजना घाइतेको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचार भइरहेको छ ।

पिकअप चालक धनकुटा महालक्ष्मी ८ बस्ने २४ वर्षीय सुमन पौडेल र दुबै सवारी साधनलाई इलाका प्रहरी कार्यालय बिर्तामोडले नियन्त्रणमा लिएको छ ।

## उपसभामुख राना जोडिएको संस्थाका बालबालिकाबारे अध्ययन गर्दै प्रहरी



झापा(प्रस) ।उपसभामुख बन्नुअघि इन्दिरा रानाले सञ्चालन गर्दै आएको बन्दी सहायता नेपाललाई नेपाल बाल मन्दिरबाट लगिएका बालबालिकाको विवरण माग्दै प्रहरीले पत्राचार गरेको छ । मानव बेचबिखन अनुसन्धान ब्युरो बबरमहलले बालमन्दिरबाट लगिएका बालबालिकाको विवरण माग्दै पत्र लेखेको र सम्बन्धित संस्थाबाट त्यसको जवाफ पनि आएको ब्युरोका प्रवक्ता प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले जानकारी दिए । 'हामीले अनुसन्धान गरेर पत्र लेखेको संस्थाले सोको जवाफ पनि पठाएको छ,' कुँवरले भने,'निज बालबालिकाको अभिभावकहरुसँगको सहमतिमा नै यो विषय भएको देखिन्छ । यसको जवाफ आएको छ । '

सत्ता गठबन्धनले रानालाई उपसभामुखबाट हटाउने तयारी गरिरहेका बेला बाल मन्दिरबाट उनको संस्थाले लगेको बालबालिका फिर्ता नआएको विषय उठेको थियो । रानालाई २०७२ साल कात्तिक १७ गते नेपाल बाल संगठनको सिफलस्थित बालगृहबाट पाँच बालबालिका गैरकानुनी रूपमा लगेको आरोप छ । प्रहरीले यसै विषयमा चासो राखेर पत्र लेखेको थियो । यसअघि काठमाडौंस्थित अमेरिकी दूतावासलाई भिसाको मिति माग्दै पत्र लेखेको विषयलाई लिएर रानामाथि प्रश्न उठेको थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) बाट उपसभामुख बनेकी राना बन्दी सहायता नेपाल नामक संस्थाकी संस्थापक अध्यक्ष हुन् । उनले यो संस्था सन् २००० मा स्थापना गरेकी थिइन् ।

## वीरगञ्जका ११४ जनामा हैजा पुष्टि

झापा(प्रस) । वीरगञ्जमा गएको शुक्रबार साँझ फेला परेको हैजाको संक्रमण पछिल्लो समय फैलिँदै गएको छ। स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरका अनुसार मंगलबार साँझ ६ बजेसम्म ९३ जना झाडापखालाका बिरामी अस्पताल भर्ना भएका छन्। पछिल्लो परीक्षण रिपोर्ट अनुसार एक सय १४ जनामा हैजाको संक्रमण पुष्टि भएको छ। वीरगञ्जका विभिन्न अस्पतालमा अहिले झाडापखाला र हैजा पुष्टि भएका गरेर १९९ जना बिरामी उपचाररत छन्। वीरगञ्ज महानगरपालिकाले उपलब्ध गराएको तथ्याङ्क अनुसार सबैभन्दा बढी नारायणी अस्पतालमा १०७, नेशनल मेडिकल कलेजमा १८, तराई अस्पतालमा ३७ र वीरगञ्ज हेल्थकेयरमा १९ जना बिरामी उपचाररत छन्।

सर्वोत्तम अस्पतालमा ७, एडभान्स मेडिकेयर अस्पतालमा ३, प्रभु अस्पतालमा १, निलकण्ठ हस्पिटल एन्ड रिसर्च सेन्टरमा २ र नारायणी सेन्टर अस्पतालमा ३ जना बिरामी उपचाररत छन्।

अहिलेसम्म वीरगञ्जका विभिन्न अस्पतालमा झाडापखाला लागेर उपचारका लागि भर्ना भएका बिरामीको संख्या चार सय २२ पुगेको छ। जसमध्ये उपचार गराएर दुई सय २३ जना डिस्चार्ज हुँदा एक सय ९९ जना उपचाररत छन्। झाडापखाला लागेर भर्ना भएका बिरामीमा हैजा पुष्टि भएको छ।

विद्यालय थप तीन दिन बन्द

वीरगञ्ज महानगरपालिकाले थप तीन दिनका लागि विद्यालय बन्द गरेको छ। वीरगञ्जमा गत शुक्रबारदेखि झाडापखाला र हैजाको संक्रमण फैलिएको र त्यसको रोकथाम र नियन्त्रणमा जुटेको महानगरपालिकाले विद्यालय थप तीन दिनका लागि बन्द गरेको हो। यसअघि गत आइतबार र सोमबार गरी दुई दिनका लागि बन्द गरिएका विद्यालय मङ्गलबार हरितालिका तीज पर्वको सार्वजनिक बिदाका कारण बन्द थिए।

वीरगञ्ज महानगरपालिकाले हैजाको संक्रमणको प्रमुख कारण दूषित खानेपानी हुनसक्ने आशंकामा पानीको नमुना संकलन र प्रयोगशालामा परीक्षण प्रक्रिया अघि बढाएको छ।

वीरगञ्ज महानगरपालिकाको स्वास्थ्य शाखाका जनस्वास्थ्य अधिकृत ठाकुरका अनुसार काठमाडौंस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले परीक्षण गरेका वीरगञ्जमा उपचाररत बिरामीको दिसाको कुल १० नमुनामध्ये ८ नमुनामा हैजाको संक्रमण पुष्टि भएको छ। बाँकी दुई नुमनाको रिपोर्ट भने बुधबार आउनेछ।

प्रयोगशालामा गरिएको कल्चर परीक्षणमा ८० प्रशितभन्दा बढीमा हैजा पुष्टि हुनुले समुदायस्तरमा हैजा फैलिरहेको संकेत गरेको उनले बताए। उता महानगरको सरसफाइ व्यवस्थापन शाखाका अधिकृत सर्फुदिन मियाँका अनुसार महानगरपालिकाले लामखुट्टे नियन्त्रणका लागि सहरका नाला, पोखरी तथा पानी जम्ने स्थानमा औषधि छर्ने अभियान बुधबारदेखि सुरु हुने भएको छ।

**हैजा रोक्न होटल र मासु पसल अनुगमन**

हैजाको जोखिम बढिरहेका बेला वीरगन्ज महानगरपालिकाले होटल र मासु पसलहरूमा अनुगमन थालेको छ । मंगलबार महानगरको संयुक्त टोलीले मुर्ली, पानी टंकी, बसपार्क र नगवा क्षेत्रका होटल तथा मासु पसलहरूको सरसफाइ अवस्था जाँच गरेको हो ।

अनुगमनका क्रममा पसल र होटलभित्रको सरसफाइ, खानेपानीको स्वच्छता, सुरक्षित भण्डारण, फ्रिजमा राखिएका मासु, माछा, अण्डा तथा अन्य खाद्य सामग्रीहरूको निरीक्षण गरिएको थियो । टोलीले व्यवसायीहरूलाई स्वास्थ्य र स्वच्छताप्रति विशेष ध्यान दिन चेतावनीसहित सचेत गराएको छ ।

महानगर प्रमुख राजेशमान सिंहको निर्देशनअनुसार पशु सेवा शाखा, वातावरण शाखा र महानगर प्रहरी बलको संयुक्त टोलीले अनुगमन गरेको हो । सिंहले हैजा फैलन रोक्न व्यवसायी स्वयं जिम्मेवार बन्नुपर्ने आवश्यकता औंल्याउँदै नियमित अनुगमनलाई निरन्तरता दिइने बताए ।

महानगरले हैजा नियन्त्रणका लागि जनचेतना कार्यक्रम, दूषित पानीको परीक्षण, संक्रमित क्षेत्रको सरसफाइ र स्वास्थ्यकर्मीमार्फत घरदैलो अभियान पनि चलाएको छ । स्थानीयवासीलाई पानी उमालेर पिउन, सफा खानेकुरा मात्र सेवन गर्न र व्यक्तिगत सरसफाइमा ध्यान दिन आग्रह गरिएको छ ।

**जनकपुर र काठमाडौंमा गरिएको कल्चर टेष्टमा पनि हैजा पुष्टि**

वीरगन्जमा उपचाररत झाडापखालाका बिरामीहरूको दिसाको कल्चर टेष्ट (परीक्षण)मा पनि हैजा नै पुष्टि भएको छ। यसअघि वीरगन्जमा गरिएको किट टेष्टमा हैजाको संक्रमण पुष्टि भइसकेको भए पनि जनकपुर र काठमाडौंको प्रयोगशालामा गरिएको कल्चर टेष्टमा पनि हैजा संक्रमण पुष्टि भएको हो।

गत शुक्रबारदेखि वीरगन्जका विभिन्न वडामा हैजाको लक्षण देखिएका बिरामीहरू अस्पतालमा भर्ना हुन थालेपछि शनिबार मधेस प्रदेशको प्रादेशिक स्वास्थ्य निर्देशनालयको टोलीले कल्चर टेष्टका लागि नारायणी अस्पताल र तराई हस्पिटलमा उपचाररत ३२ जना बिरामीको दिसाको नमूना संकलन गरेको थियो।

त्योमध्ये २२ वटा नमूना जनकपुरस्थित प्रादेशिक जस्वास्थ्य प्रयोगशालामा र बाँकी १० वटा नमूना काठमाडौंको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएको थियो। ती दुवै प्रयोगशालामा गरिएको कल्चर टेष्टमा पनि हैजाको संक्रमण पुष्टि भएको हो।

जनकपुरको प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा गरिएको कल्चर टेष्टमा १२ वटा नमूनामा हैजाको जीवाणु भिब्रियो कोलेरा भेटिएको प्रयोगशालाका मेडिकल ल्याब टेक्निोलोजिस्ट रामेश्वर दासले जानकारी दिए। १० वटा नमूनाको कल्चर टेष्ट भने प्रक्रियामै रहेको र त्यसको रिपोर्ट सम्भवतः बुधबार आउन उनले बताए।

त्यस्तै काठमाडौस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गरिएको कल्चर टेष्टमा पनि ८ वटा नमूनामा हैजाको संक्रमण पुष्टि भएको छ। ८ वटा नमूनाको कल्चर टेष्टमा हैजाको जीवाणु भिब्रियो कोलेरा भेटिएको प्रयोगशालाका प्रमुख डा. रञ्जन भट्टले जानकारी दिए। बाँकी २ वटा नमूनाको कल्चर रिपोर्ट भने बुधबार आउने उनले बताए।

यसअघि

वीरगन्जमा स्वास्थ्य कार्यालय र वीरगन्ज महानगरपालिकाले कीटबाट गरेको परीक्षणमा हैजाको पुष्टि भइसकेको भए पनि कल्चर टेष्टका लागि पठाइएका बिरामीका दिसाको नमूना परीक्षणमा पनि हैजाकै जीवाणु भेटिएको रिपोर्ट मंगलबार साँझ आएको स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत ठाकुरले पनि जानकारी दिए।

मंगलबार साँझ प्राप्त कल्चर टेष्टको रिपोर्टले वीरगन्जमा हैजाको महामारी समुदायस्तरमै फैलिएको पुष्टि भएको उनले बताए।

वीरगञ्ज महानगरपालिकाको स्वास्थ्य शाखाका जनस्वास्थ्य अधिकृत सुमनचन्द्र ठाकुरका अनुसार नारायणी अस्पतालमा ४३, तराई अस्पतालमा ३८, नेशनल मेडिकल कलेजमा १५, भवानी अस्पताल, वीरगञ्ज हेल्थकेयर अस्पताल, मंगलम प्याथोलोजीमा ३/३, अली अर्थो अस्पताल र एडभान्स मेडिकेयर अस्पतालमा २/२, सर्वोत्तम अस्पताल, नारायणी सेन्ट्रल अस्पताल, नेपाल इण्डो अस्पताल, निलकण्ठ अस्पताल र बयोधा अस्पतालमा एक-एक जना

## उखु किसानलाई साढे ७५ करोड अनुदान रकम निकासा

झापा(प्रस) । सरकारले उखु किसानहरुलाई प्रोत्साहन, अनुदानबापतको रकम मंगलबार निकासा गरेको छ । अर्थ मन्त्रालयले यसबापत ७५ करोड ४९ लाख ३८ हजार २४० रुपैयाँ निकासा गरेको हो ।

निकासा गरिएको रकम जिल्लास्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयमार्फत किसानको बैंक खातामार्फत भुक्तानी हुने कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रिपरिषद्को बैठकले यस पटक उखु किसानलाई प्रतिक्विन्टल ३५ रुपैयाँ अनुदान उपलब्ध गराउने निर्णय गरे पनि प्राविधिक कारण जनाउँदै अर्थ मन्त्रालयले निकासा गर्न ढिलाई गरेको थियो । यो रकम नपाउँदा उखु किसानले काठमाडौंकेन्द्रित आन्दोलन गर्दै आएका छन् । यसअघि उखु किसानहरुले प्रतिक्विन्टल ७० रुपैयाँ प्रोत्साहनस्वरुप पाउँदै आएका थिए । कृषि मन्त्रालयले उखु किसानलाई यति नै रकम उपलब्ध गराउन मन्त्रिपरिषद्मा प्रस्ताव लगे पनि मुलुकको आर्थिक अवस्था, आवश्यकताका आधारमा ३५ रुपैयाँ उपलब्ध गराउने निर्णय भएको थियो ।

यसैबीच काठमाडौंमा जम्मा भएका उखु किसान र कृषि मन्त्रालयका प्रतिनिधिबीच सिंहदरबारस्थित मन्त्रालयमा वार्ता भएको छ । वार्तामा मन्त्रालयका तर्फबाट कृषि विभागका उपमहानिर्देशक ललनकुमार सिंह, मन्त्रालयका उपसचिव लालकुमार श्रेष्ठ र मणिरत्न अर्याल र उद्योग मन्त्रालयका प्रतिनिधि सहभागी छन्



भने उखु किसानका तर्फबाट श्यामबाबु रायलगायत छन् ।

यसअघि कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले मंगलवार नै उपमहानिर्देशक सिंहको संयोजकत्वमा ४ सदस्यीय वार्ता टोली गठन गरेका थिए ।

यसैबीच पूर्वप्रधानमन्त्री एवं नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का अध्यक्ष डा. बाबुराम भट्टराईले आन्दोलनरत उखु किसानको आन्दोलनलाई समर्थन गरेका छन्। मंगलवार काठमाडौँको माइतीघर मण्डला पुगेर उनले उखु किसानका माग जायज रहेको भन्दै समर्थन गरेका हुन्। उनले उखु किसानलाई दिने भनिएको अनुदान सरकारले एकलौटी निर्णयबाट कटौती गरेको भन्दै सरकारको आलोचना गरे।

उनले उखु किसानलाई दिने भनिएको अनुदान घटाएको तथा घटाएको अनुदान मूल्य समेत समयमै उपलब्ध नगराएर सरकारले किसानहरूमाथि अन्याय र ठगी गरेको आरोप लगाए। उनले आन्दोलनरत किसानहरूलाई आफ्ना जायज मागप्रति एकताबद्ध भएर अडिग रहन आग्रह गरे।

भट्टराईले भने, 'किसानलाई दिने अनुदान घटाएर ३५ रुपैयाँ पुऱ्याउने अनि त्यो पनि समयमा नदिने। सरकारले एकलौटी गर्न मिल्छ ? यो त किसानहरूमाथि बदमासी र ठगी भएन ? त्यसकारण किसानहरूको यो अभियान जायज छ।'

देशभरका उखु किसानले सरकारले तोकेको प्रतिक्विन्टल ७० रुपैयाँ अनुदान कायम गर्न तथा वक्यौता रकम भुक्तानी गर्न माग गर्दै आन्दोलन गर्दै आएका छन् । आर्थिक वर्ष २०८१-८२ को उखुको भुक्तानी रकम माग गर्दै उनीहरू आन्दोलनमा उत्रिएका हुन्।

## सम्पादकीय

# इम्बोस्ड असहज नबनोस्

अहिले इम्बोस्ड नम्बरकोआतंक छ । सवारीसाधनमा लगाइने उच्च प्रविधियुक्त सुरक्षित नम्बर प्लेटको नाम हो इम्बोस्ड नम्बर । यो नम्बरका निम्ति झन्डै एक दशकदेखि प्रयास जारी छ । नौ वर्षसम्म सम्पादन हुन नसकेको यो कार्यलाई असोज १ गतेबाट अनिवार्य लागु हुने भनिएको छ । सेवाग्राही भने यो सूचनाले अत्तालिएका छन् ।

यातायात क्षेत्र प्रदेश सरकारको मातहतमा छ । सात प्रदेशका सबै यातायात कार्यालयमा इम्बोस्ड नम्बर प्लेट माग छ तर काठमाडौँमा रहेको यातायात व्यवस्था विभागले नम्बर प्लेट उपलब्ध गराइरहेको छ । कार्यालयमा स्थान अभाव छ । यो नम्बर लिनु आफैँमा झन्झटिलो छ । लामो रुट पार गर्नु पर्छ । सेवाग्राहीले सजिलै यो नम्बर पाउने अवस्था देखिएको छैन । धेरै पर्खनुपर्ने छ । समयको व्यवस्थापन कसरी गर्ने ? असोज १ गते आउन अब तीन साता पनि छैन । कतिपय प्रदेशमा तयारीसमेत भएको छैन । कोशी, मधेश र सुदूरपश्चिम प्रदेशमा तयारीसमेत पूरा नभएको देखिएको छ । हेटौँडा, सुर्खेत, बुटवल, नेपालगन्ज र पोखराका कार्यालय तयारी भनिए पनि सेवाग्राहीले सहज अनुभूति गर्न सकेका छैनन् । राजधानी उपत्यकामा पनि सहज छैन । काठमाडौँमा दुईपा□का लागि गुर्जुधारा, चारपा□का लागि एकान्तकुना र सवारी परीक्षण कार्यालय टेकुमा तोकिएको छ । यातायात व्यवसायी अब फेरि सेवाग्राहीले सास्ती पाउने अवस्था आएको बताउन थालेका छन् । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाको अनुभव यहाँ उपयोगी हुन सक्छ । उहाँ भन्नुहुन्छ, "अहिले पनि ३० लाख लाइसेन्सका सेवाग्राहीले सास्ती भोगेका छन् । त्यस्तै हुन सक्छ यो पनि । इम्बोस्ड नम्बरमा हाम्रो विरोध होइन तर सरकारको काम गर्ने तरिका नहुँदा धेरै दुःख पाएका छन् ।" असोज १ देखि नै कार्यान्वयनमा गर्ने किन भनियो । केही समयपछि लागु गर्ने र नम्बर दिन प्रक्रिया सरलीकृत गरेको भए उचित हुने थियो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा मन्त्री देवेन□ दाहालको अध्यक्षतामा साउन २० गते बसेको विषयगत समितिको बैठकले २०८२ असोज १ देखि इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्ने निर्णय गरेको थियो । इम्बोस्ड नम्बर प्लेट निर्माणका लागि प्रयास पुरानै हो । २०७३ जेठमा पाँच वर्षमा २५ लाख इम्बोस्ड नम्बर वितरण गर्ने गरी चार अर्ब ६७ करोड रुपियाँमा सम्झौता भएको थियो । २०८० मङ्सिरसम्म २५ लाख नम्बर प्लेट जडान गर्ने गरी सम्झौता भयो । हालसम्म करिब ८८ हजार नम्बर प्लेट मात्र जडान भएका छन् । हाल विभागसँग १६ लाखभन्दा धेरै प्लेट बाँकी नै छन् । सरकारी संरचनाले कुनै काम लागु गर्दा पूरा तयारी गर्नु पर्छ । सेवाग्राहीलाई मर्का पर्न दिनु हुन्न । इम्बोस्ड नम्बर दिएर राजस्व उठाउने लक्ष्य पनि हुन सक्छ । सरकारले आवश्यक संचरनासहित गर्नुपर्ने तयारी पूरा नगरी कर उठाउनकै लागि अनिवार्य गरेकाले सफल हुन गाह्रो हुने सेवाग्राहीको गुनासोलाई अन्यथा भन्न मिल्दैन ।




# बदलिँदो विश्व अर्थव्यवस्था



• डा. चन्द्रमणि अधिकारी

अर्थ राजनीति एउटा गतिशील विषय हो । समयको अन्तरालमा यसमा परिवर्तन आउनु पर्छ, आउँछ र आउनु स्वाभाविक हो । प्रश्न यति मात्र हो कि त्यसको गति र दिशा स्वाभाविक छ कि अस्वाभाविक भन्ने विषयले ठुलो अर्थ राख्छ । विश्व अर्थतन्त्रको निर्माण मूलतः राजनीतिक, आर्थिक, सामाजिक, प्राकृतिक र सांस्कृतिक धरातलको जगमा बनेको हुन्छ । राजनीति बिथोलिँदा अर्थतन्त्रका अन्य आधार पनि बिथोलिन्छन् । राजनीति सही दिशामा गयो भने अन्य आधारको व्यवस्थापन पनि सही ढङ्गले गर्न सकिन्छ । त्यसमा पनि आर्थिक तथा सामरिक ढङ्गले ठुला भनेर गनिएका देशमा हुने र गर्ने यस्ता परिवर्तनले विश्वलाई छिटोभन्दा छिटो प्रभावित गर्छ । यस पृष्ठभूमिबाट हेर्दा अहिले विश्व अर्थ राजनीतिको दिशा फरक ढङ्गले अघि बढ्दै छ । खुलापनबाट अस्वस्थ प्रतिस्पर्धा र संरक्षणवादको दिशातर्फ जाँदै छ । त्यसो गर्नमा ठुला अर्थतन्त्र नै अग्रपङ्क्तिमा देखिएका छन् । पछिल्लो दशकबाट संयुक्त राज्य अमेरिकाले 'अमेरिका फर्स्ट' को नीति अघि सारेको छ । यो नीतिले अन्य सबै राष्ट्र र जनताको हितभन्दा पहिले अमेरिकाको हितलाई सेवा गर्ने गरी विदेश नीति र घरेलु नीति निर्माण र कार्यान्वयन गर्ने विषयमा जोड दिन्छ ।

अमेरिकाले यस अवधारणा अनुसरण गरेपश्चात् उसको बाह्य सहयोग, उद्योग, व्यापार, लगानी, मुद्रा, खर्च, वितरणसमेतका विदेश र घरेलु नीति निर्णय प्रभावित हुन थालेका छन् । यसै नीतिको अनुसरण गरेर वर्तमान अमेरिकी सरकारले अन्य देशबाट अमेरिकामा पैठारी गरिने वस्तुमा दसौँ गुणासम्म करमा वृद्धि गरेको छ । तथ्यहरूले यो वृद्धिलाई शताब्दीकै उच्च भएको पुष्टि गर्छन् । अमेरिकले त कर वृद्धिका विषयमा बाढी नै ल्याएको छ । प्रारम्भमा चीन, क्यानडा र मेक्सिकोबाट सुरु भएको यो कर वृद्धिको अभियानलाई उसले अहिले विश्वव्यापी जस्तै बनाएको छ । विश्व बैङ्कका अनुसार सन् २०२३ मा मात्र पनि अमेरिकाले तीन हजार थरिका आयातमा अवरोध पुऱ्याउने निर्णय अघि सारेको देखिन्छ । त्यसपछिका दिनमा यस्ता अवरोध बढ्ने क्रममा छन् । चीन, क्यानडा, भारत, मेक्सिको र ब्राजिलसँग त व्यापार युद्ध नै छेडिएको छ । किनभने अमेरिकाले करको दर अस्वाभाविक ढङ्गले बढाए पछि यी देशले पनि अमेरिकी समानको आयातमा कर वृद्धि गरेका छन् । दक्षिण अफ्रिका, सर्बिया, लाओस, म्यान्मार, सिरिया र स्विट्जरल्यान्ड पनि उच्च कर लाग्ने देशमा पर्छन् । नेपालसमेतका कम आय हुने देशलाई पनि करको दर १० पुऱ्याइएको छ । हुन त अमेरिकाले आयातमा कर बढाउनुको पछाडि घरेलु उद्योगको संरक्षण र आयातमा निर्भरता घटाउने दिशाको सामान्य कदम हो भनी व्याख्या गर्न सक्छ । अर्थतन्त्रको संरचनामा सेवाक्षेत्रको अंश घटाई उद्योग क्षेत्रको अंश बढाएर अर्थतन्त्रलाई दिगो बनाउन खोजेको तर्क गर्न सक्छ । यो त उसकै आफ्नै अर्थ दर्शनविपरीत कार्य हो ।

अमेरिका र अन्य देशले कर तथा व्यापारका नियममा गरेको परिवर्तनले नेपालमा प्रत्यक्ष/परोक्ष प्रभाव पर्ने सम्भावना छ । प्रत्यक्षभन्दा परोक्ष प्रभावको फेरो अझ ठुलो हुने देखिन्छ किनभने यसको असर परोक्ष रूपमा पर्यटन, वैदेशिक लगानी, वैदेशिक रोजगार र विप्रेषण आप्रवाहमा पर्न सक्छ । जसले वैदेशिक मुद्राको सञ्चिति तथा शोधनान्तर अवस्थालाई समेत नकारात्मक धक्का दिन सक्छ । अमेरिकी नीतिले चीन र भारतको अर्थतन्त्रलाई प्रभाव पार्दा नेपाल पनि प्रभावित हुने सम्भावना बढ्छ । छिमेकी देशको वस्तु महँगो हुँदा नेपालले चीन तथा भारतबाट कच्चापदार्थ ल्याएर उद्योग चलाएको अवस्थामा नेपालको वस्तुको प्रतिस्पर्धात्मकता क्षमता पनि कम हुन सक्छ । उत्पादन वा ढुवानीको लागत बढ्छ, विश्व अर्थतन्त्र मन्दीमा जाँदा त्यसको असर पनि नेपाललाई पर्छ । अनि विप्रेषण आय र वैदेशिक लगानी घटन सक्छ, पर्यटकको आगमनमा कमी आउँछ, यसले विश्वव्यापी व्यापारलाई सुस्त बनाई आर्थिक अनिश्चित आउँदा त्यसको प्रभाव नेपालमा पनि पर्नु स्वाभाविक हो ।

प्रत्यक्ष रूपमा प्राप्त हुन सक्ने अवसरको कुरा गर्दा अमेरिकाले चीन वा अन्य देशको उत्पादनमा कर बढाउँदा नेपाल जस्ता देशले कम वा शून्य दरमा समेत अमेरिकामा वस्तु निर्यात गर्ने अवस्था बन्न सक्छ । यस सन्दर्भमा हेर्दा हुन त यसै पनि विश्वमा भइरहेका देशभित्रका र अन्तरदेशीय द्वन्द्व र युद्ध, जैविक इन्धनको उच्च प्रयोग, प्राकृतिक स्रोतको अस्वाभाविक र उच्च दोहन, सूचना प्रविधिमा आएको तीव्र गतिको विकास र त्यसले रोजगार, कार्यशैली एवं मानवको दैनिक जीवनमा पारेको प्रभाव, प्रतिस्पर्धात्मक जीवनको तीव्र विस्तार र मानव स्वास्थ्यको ख्याल नगरी गरिएका औद्योगिक कार्य आदिले विश्वको आर्थिक, सामाजिक, प्राकृतिक र सांस्कृतिक दिशामा बदलाव ल्याएको छ । यद्यपि ती बदलाव कतिपय सकारात्मक र स्वाभााविक छन् भने कतिपय अनपेक्षित र नकारात्मक प्रकृतिका छन् । अहिले विश्वका शक्ति राष्ट्रमा देखिएको कवि लेखनाथ पौड्यालले भने झैँ "म खाऊँ, मै लाऊँ, सुख सयल वा मोज म गरूँ, मै हासूँ, मै नाचूँ, अरू सब मरुन दुर्बलहरू" भन्ने प्रकृतिको एकलकाटे र फरक अर्थ राजनीतिक सोचले विश्व अर्थ राजनीतक परिदृश्यमा नाटकीय परिवर्तन ल्याएको छ । यसमा देखिएको अनिश्चितताले गहिरो अन्योल सिर्जना गरेको छ । अर्थ राजनीतिले भविष्यको सुनिश्चितता र अनुमान योग्यताको चरित्र गुमाउँदै गएको छ । व्यापारमा आएको अन्योलले आपूर्ति शृङ्खला प्रभावित भएर आर्थिक वृद्धि ओरालो लाग्ने र मुद्रास्फिति उकालो लाग्ने सम्भावना बढेर गएको छ । अन्तर्राष्ट्रिय वित्त संस्थाले विश्वको आर्थिक वृद्धिको प्रक्षेपण अङ्क घटाएका छन् । तेलको मूल्यमा करिब एक तिहाइले बढोत्तरी हुने र रोजगारीको क्षेत्र प्रभावित भई गरिबी बढ्ने एवं हुने र नहुने बिचको खाडल अझ फराकिलो हुने अनुमान हुन थालेका छन् ।

अब प्रश्न आउँछ, विश्व व्यापारमा देखिएको तनाव, धनी देशमा देखिएको नीतिगत फेरबदल र विचलन, द्वन्द्व र युद्धले निम्त्याएको भूराजनीतिक खण्डीकरण, चेतना, शिक्षा र प्रविधिले निर्देशित गरेर बदलिएको विश्व जनसाङ्ख्यिक संरचना, जलवायु परिवर्तन तथा प्रविधिले ल्याएको बदलावसमेतले गर्दा विश्वमा हुने परिवर्तनको सही मूल्याङ्कन गरेर त्यसबाट सिर्जना हुने अवसरको उपयोग तथा सम्भावित चुनौतीको सामना नेपालले कसरी गर्ने ? यसका लागि नेतृत्वमा रहने र नीति निर्माणमा प्रभाव पार्न सक्ने सबै पक्षले ठन्डा दिमागले सोच्नुपर्ने बेला भएको छ । तसर्थ विषयको मिहिन ढङ्गले विश्लेषण तथा मूल्याङ्कन गरेर प्राप्त हुन सक्ने सम्भावित अवसर र सम्बोधन गर्नुपर्ने चुनौतीको व्याख्यासहितको सूची तयार गर्नु पर्छ । यसो गर्दा अन्य देशले अन्य देशलाई नै लगाएको उच्च कर र हाम्रा वस्तुमा लगाएको करको दरको तुलनात्मक अध्ययन गरी त्यस सीमामा बसेर समबन्धित देशमा कस्ता कस्ता वस्तुको माग छ, ती वस्तुमध्ये नेपालमा कस्ता वस्तु उत्पादन गर्न सकिन्छ । त्यसका लागि के के कुराको आवश्यकता पर्छ, ती कुरा हामीसँग कति र कुन अवस्थामा छन । त्यस्ता कुरा नभए कसरी प्राप्त गर्ने भनेर रणनीतिक कार्ययोजना बनाएर अघि बढ्न सक्नु पर्छ । जस्तै : अमेरिकाले चीन, भारत वा अन्य देशबाट त्यहाँ आयात गरिने वस्तुमा कर बढाएको छ । नेपालका लागि पनि केही मात्रामा कर वृद्धि गरे पनि ती भारत र चीनसमेतका देशको तुलनामा निकै कम छ । अब यहाँ ती देशले अमेरिकामा के के वस्तु पठाउँथे भनेर सूची बनाएर तीमध्ये नेपालले के के उत्पादन गर्न सक्छ, लगानीकर्ता नेपालमै छन् वा तिनै देशकालाई पनि आह्वान गर्न सकिन्छ भनेर हेर्नु पर्छ । यसका साथै नेपाल, सानो अर्थतन्त्र भएका देश भएकाले विश्वव्यापी व्यापारसँग नेपाललाई एकीकृत गरेर लैजान नेपालका आर्थिक, लगानी, व्यापार र उद्योगसम्बन्धी नीति कानुनमा त्यसै अनुकूल हुने गरी सुधार, संशोधन र परिमार्जन गर्ने तदारुकता समयमा नै देखाउनु सक्नु पर्छ । यसमा राजनीतिक दृष्टिले पक्ष प्रतिपक्ष एकमत भएर अघि बढ्नु पनि त्यतिकै आवश्यक छ । सरकारमा हुने दलले अन्यलाई पनि साथमा लिन सक्नु पर्छ । अहिले नेपालको ठुलो व्यापार अंश थोरै सङ्ख्याका देशमा सीमित छ । त्यसलाई विविधीकरण गर्ने रणनीति, कार्यक्रम र कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउनु पर्छ । यी कार्य गर्न सकेमा त्यसै अनुकूल औद्योगिक वातावरण तयार हुन्छ र अवसरको उपयोग गर्न सकिन्छ ।

वस्तुको कुरा गर्दा तयारी पोसाक, हस्तकला, जडीबुटी प्रशोधन गरेर बनाइएका वस्तु, चिया, गलैँचा, हस्तकला आदि अमेरिका निकासीका सम्भावित वस्तु हुन सक्छन् । ती वस्तु लागत र गुणस्तरको दृष्टिले प्रतिस्पर्धी र अमेरिकी व्यापार मापदण्ड पूरा गर्ने हुनु पर्छ । यसै गरी अमेरिकाले व्यापार प्राथमिकता कार्यक्रम (जिएसपी) अन्तर्गत नेपालका लागि भन्सारमुक्त पहुँचको सूचीमा राखेका वस्तुको सम्बन्धमा पनि थप पहल गर्न सकिन्छ । यस्तो सूची विस्तारका लागि अमेरिकालाई तर्कसहित अनुरोध गर्न सक्छ । प्रस्तुत मार्गचित्रबाट हिँड्नसके अवसरको उपयोग र चुनौतीको सम्बोधन सजिलै हुन्छ ।

# कम्युनिस्टहरूको लोकतान्त्रीकरण



• सोम मिश्र

'मैले कुनै सिद्धान्तको प्रतिवादन गरेको नभई मार्क्सवादजस्तो वैज्ञानिक सिद्धान्तलाई आफ्नो भूमिमा व्यावहारिक प्रयोग गरेको हो । यसलाई कुनै वादको संज्ञा दिनु उपयुक्त हुँदैन । वाद नै मान्नुपर्ने भए यसलाई बोल्सेविकवाद वा क्रान्तिकारी मार्क्सवाद भन्नु उपयुक्त हुन्छ '- भ्लादिमिर इलिच लेनिन ।

लेलिनको मृत्युपछि सन् १९२४ मा स्टालिनले एउटा पुस्तक लेख्नुभयो 'लेनिनवादका आधारहरू' यसमा मार्क्सवादको विकसित रूप नै लेनिनवाद हो र लेनिनवाद नै क्रान्तिको सुव्यवस्थित सिद्धान्त हो भनेर व्याख्या गरिएको छ । त्यससँगै सोभियत कम्युनिस्ट पार्टीले लेनिनलाई मार्क्सवादको उत्तराधिकारी र उनका विचारलाई लेनिनवाद भनी संस्थागत गऱ्यो । स्वयं लेनिन उहाँको विचार र सिद्धान्तलाई लेनिनवाद भन्न मन पराउनु हुन्थेन । केवल उहाँ क्रान्तिकारी मार्क्सवाद वा बोल्सेविकवाद भनिनु उपयुक्त हुन्छ भन्ने थियो । उहाँको मृत्युपश्चात् स्टालिनको नेतृत्वमा सो पार्टीले लेनिनवादको विकास र सुव्यवस्थित प्रचार अघि बढायो ।

लेनिनवाद २०औं शताब्दीको बाँकी अवधिभरि विश्वभरिका कम्युनिस्ट क्रान्तिकारीहरूका लागि एउटा प्रेरणादायी, ऊर्जाशील र मार्गदर्शक सिद्धान्तको रूपमा मानियो । यसो हुनुमा दुईवटा कारण मुख्य थिए । एउटा थियो, पार्टीभित्रका प्रतिद्वन्द्वीहरूलाई निस्तेज गर्न र आफू लेनिनको सच्चा उत्तराधिकारी साबित गर्न स्टालिनले लेनिनको ज्यादा प्रशंसा गर्दै यसको माध्यमबाट विपक्षहरूलाई किनारा गर्नुपर्ने अवस्था थियो । अर्को कारण थियो, तेस्रो अन्तर्राष्ट्रिय । लेनिनको सफलता र लोकप्रियतासँगै विश्व कम्युनिस्ट आन्दोलनको लोकप्रियतालाई पनि तुलनात्मक रूपमा अघि बढाउन सजिलो र क्रान्तिलाई अघि बढाउन सहज देखेर तेस्रो अन्तर्राष्ट्रियले लेनिनवादलाई सहज स्वीकार गऱ्यो र कम्युनिस्टहरूका माझमा विश्वव्यापी प्रचार गरियो ।

पछिल्लो समयमा कैयौं क्रान्तिकारी राजनीतिक दलहरूले लेनिनवादी सिद्धान्तबाट अलग हुने र लेनिनका सकारात्मक कामहरूबाट सिक्ने प्रयास पनि गरिरहेका छन् । एक्काइसौं शताब्दीमा विश्व कम्युनिस्ट आन्दोलनको स्वरूप परिवर्तन भएको छ । तत्कालीन सोभियत संघ तथा अन्य केही युरोपेली देशमा समाजवादी व्यवस्थाहरूको पतन, भूमण्डलीकरण, प्रविधिको उच्चतम तथा तीव्र विकास, लोकतान्त्रिक समाजवादको उदय, साम्राज्यवादको बदलिएको रूप जस्ता विषयहरूले लेनिनवादलाई अहिलेको समयमा अप्रासंगिक बनाएका छन् । हामी यहाँ लेनिनवाद के हो र एक्काइसौं शताब्दीमा त्यसको सान्दर्भिकता कस्तो होला भन्ने बारेमा संक्षिप्त चर्चा गर्नेछौं ।

१. अग्रगामी राजनीतिक दल : मजदुर वर्गलाई संगठित गर्न, सचेत गर्न र क्रान्ति सम्पन्न गर्न एउटा अनुशासित संगठित र केन्द्रीकृत क्रान्तिकारी पार्टीको आवश्यकताको कुरा लेनिनवादको मूल कुरा हो । आज मजदुर वर्ग मार्क्सले व्याख्या गर्नुभएको जस्तो अवस्थामा छैन । बुद्धिजीवी, कलमजीवी र उच्च प्रविधियुक्त जनशक्तिहरूको संख्या बढिरहेको छ । आजको मजदुर वर्ग आफैंमा सचेत र ट्रेड युनियनहरूमार्फत संगठित छ । आजको सन्दर्भमा प्रविधिको विकास र सूचनामा आमजनताको पहुँच, इन्टरनेट, सामाजिक सञ्जाल, स्वतन्त्र मिडिया र खुला बहसको संस्कृतिले जनतालाई सचेत बनाएको छ । श्रमिक तथा विद्यार्थीहरू आफैं पनि अवसर हुँदा नेतृत्व गर्न सक्ने अवस्थामा छन् । त्यसताका रुसमा भएको जस्तो मजदुर वर्गको ठूलो उपस्थिति हाम्रो समाजमा छैन । जति छन् त्यो पनि दिनदिनै घट्दो क्रममा छन् । हाम्रो देशमा मजदुरको भन्दा किसानहरूको ठूलो संख्या छ । जबकि लेनिनले क्रान्तिमा किसानहरूलाई जोड्न सक्नुभएको थिएन । हामीकहाँ लोकतन्त्र, आवधिक निर्वाचन, संवैधानिक सर्वोच्चता, बहुलवाद, निर्णयमा सहभागिता र समावेशी सिद्धान्त लोकप्रिय भएको छ । लेनिनवादले यी कुराहरूलाई अस्वीकार गर्छ । लेनिनको केन्द्रीय कमाण्ड, जनवादी केन्द्रीयता, पार्टी अनुशासन, अग्रगामी पार्टी संविधानभन्दा माथि जस्ता विषयहरूले अधिनायकवादी शासनको झल्को जनाउँछ । जबकि हामी त्यस विरुद्ध सात दशक लामो लडाइँ लडिसकेका छौं ।हाम्रो देशमा लेनिनवादलाई मार्गदर्शक सिद्धान्त मान्ने राजनीतिक पार्टीहरू चाहे नेकपा एमालेको कुरा होस्, चाहे नेकपा माओवादी केन्द्रको । बहुदलीय व्यवस्था, संवैधानिक सर्वोच्चता, आवधिक निर्वाचन, मानवाधिकार, समावेशी लोकतन्त्र र बहुलवादलाई आत्मसात गरेर त्यसलाई आफ्नो आफ्नो नीतिमा समावेश गरेर अघि बढिरहेका छन् । लेनिनवादमा उल्लेख भएको अग्रगामी पार्टी एकदलीय व्यवस्था अथवा एकदलीय तानाशाहीको प्रणाली नै हो । एकदलीयताविरुद्ध नेपालका कम्युनिस्टहरू मूलत : देखिएका छन् । त्यसकारण पनि लेनिनवादको सान्दर्भिकता हामीकहाँ रहेन ।

२. पार्टी निर्माणमा जनवादी केन्द्रीयताको सिद्धान्त : जनवादी केन्द्रीयताको सार, सामूहिक नेतृत्व व्यक्तिगत जिम्मेवारी, व्यक्ति संगठनको मातहत, अल्पमत बहुमतको मातहत, तल्लो कमिटी माथिल्लो कमिटीको मातहत, सम्पूर्ण कमिटीहरू केन्द्रीय कमिटीको मातहत, केन्द्रीय कमिटी र केन्द्रीय निकाय महाधिवेशन मातहत, महाधिवेशन पार्टी सदस्यहरू मातहत हो । यसमा दुईवटा फरक तर्कहरू छन् । लेनिनवादलाई अस्वीकार गर्ने पार्टीहरूले पनि मूलत : यही विधिमार्फत पार्टी चलाएका हुन्छन् । सबै राजनीतिक पार्टीहरूमा निर्णय हुनुअघि व्यापक छलफल गर्ने र निर्णय भएपछि सबैले निर्णयको पालना गर्ने, अल्पमत बहुमतको मातहत, सामूहिक नेतृत्व व्यक्तिगत जिम्मेवारी, व्यक्ति संगठनको मातहत नै रहन्छन् ।

खासमा यो राजनीतिक पार्टीको हकमा विश्वव्यापी प्रचलन नै हो भन्न सकिन्छ । यसको प्रयोगले लेनिनवादी पार्टीहरूलाई बढी प्रजातन्त्रमुखी भन्दा पनि बढी शक्तिको केन्द्रीकरणमुखी बनाउने गरेको देखिन्छ । त्यसकारण कम्युनिस्ट पार्टीहरूलाई प्रजातन्त्रविरोधी हुन्छन् भन्ने आरोप लाग्ने गरेको छ । यो सिद्धान्तका प्रतिपादक स्टालिनले गर्नु भएको प्रयोगले नेतृत्वको केन्द्रीकरण, बहुलवादलाई अस्वीकार, आन्तरिक लोकतन्त्रलाई कमजोर पार्ने, फरक विचारलाई फुल्न, फक्रिन नदिने काम हो । अझ समाप्त पार्ने आदि कारणले आजको सूचना प्रविधि र बौद्धिक कृतिमताको युगमा यो सान्दर्भिक देखिँदैन ।

३. साम्राज्यवाद पुँजीवादको उच्चतम रूप : लेनिनको समयमा जस्तो आज पुँजीवाद राष्ट्रिय राज्यको रूपमा सीमित छैन । र, यसले राज्य कब्जा गरेर साम्राज्य विस्तार गर्ने नीति लिएको देखिँदैन । आजको पुँजीवाद बहुराष्ट्रिय कम्पनीहरूको रूपमा अगाडि आएको छ, भौगोलिक सीमामा रोकिएको छैन । यो पुँजीवाद नाफा कमाउने उद्देश्य, सस्तो श्रम, कर छुट तथा कमजोर शासन भएका देशहरूमा आफ्ना व्यवसाय सञ्चालन गर्न उद्दत छ । आजको पुँजीवादको रूप डिजिटल, गैरभौगोलिक, नाफा कमाउने उद्देश्यमा आधारित छ । लेनिनको समयमा पुँजीवादले नवउपनिवेशमार्फत भौगोलिक राष्ट्र राज्य कब्जा गर्ने उद्देश्य थियो ।

तर, आजको पुँजीवादले ऋण साम्राज्यवाद, आईएमएफ, वर्ल्ड बैंक, डब्लूटीओ, एफटीए, गुगल, मेटा, सामसुङ, अमेजन, नेस्टल, वाल बचत जस्ता कम्पनीमार्फत काम गर्छ । यसले राष्ट्र कब्जा गरेर साम्राज्य विस्तार गर्ने नीति लिँदैन तर शासनमा नियन्त्रण कायम गर्न खोज्छ । आर्थिक प्रभुत्व कायम गर्न खोज्छ । पुँजीवादले पनि आफ्नो रूप बदलेको छ । यसले कल्याणकारी राज्यको वकालत र कार्यान्वयन गर्न थालेको छ । हरित लगानी, सामाजिक उत्तरदायित्व, वातावरण र सामाजिक न्याय तथा समावेशिता जस्ता कुरामा पुँजीवादले प्रशस्त ध्यान दिएको देखिन्छ । तसर्थ आजको सन्दर्भमा पुँजीवाद बदलिएको छ र कम्युनिस्ट क्रान्तिकारीहरूले पनि आफ्नो दृष्टिकोणलाई सोहीअनुसार बदल्न आवश्यक छ ।

४. सर्वहारा वर्गको अधिनायकत्व : लेनिनले व्याख्या गर्नुभएअनुसार सर्वहारा वर्ग (श्रमिक)ले क्रान्तिमार्फत सत्ता हातमा लिन्छ र आफ्नो अधिनायकत्व स्थापित गर्छ । पुँजीपति वर्गको तथा प्रतिक्रान्तिकारीहरूको दमन गर्छ । र, नयाँ समाजवादी शासनको समाजको निर्माण गर्छ र बिस्तारै यो साम्यवाद (वर्गविहीन समाज) मा रूपान्तरण हुन्छ । आज अधिनायकत्व भन्ने शब्द नै विश्वव्यापी रूपमा अस्वीकृत र तिरस्कृत भएको छ । अधिनायक शब्दले एकदलीयता, विपक्षविहीन, विरोधीको दमन जस्ता कुराहरूलाई प्रतिनिधित्व गर्छ । नेपालका कम्युनिस्टहरू लोकतन्त्र, मानवअधिकार, आवधिक निर्वाचन, संवैधानिक सर्वोच्चता, बहुलवाद जस्ता कुरामा विश्वास गर्छन् । त्यसकारण पनि यो सान्दर्भिक छैन । दोस्रो कुरा सर्वहारा वर्ग अहिले फेरिएको छ । आजको समाजमा मजदुरहरू सबै एउटै वर्गका हुन् भनेर व्याख्या गर्न सकिने अवस्था छैन । अहिले कारखाना मजदुरको सट्टा डिजिटल श्रमिक, ग्राहक सेवा श्रमिक, अस्थायी ज्यालादारी श्रमिक जस्ता प्रवृत्तिको विकास भइरहेको छ र अझै प्रविधिको विकासले वर्क फ्रम हो, ड्राइभ थ्रु सर्भिसेस प्रणालीको विकास हुँदैछ । मार्क्सले व्याख्या गर्नुभए जस्तो सर्वहारा वर्ग नेपालमा प्राय : छैन । यसकारण यो अधिनायकत्वको सिद्धान्त आज स्वीकार्य हुन सक्दैन ।

# पाउँ पाथीभराको वार्षिक कारोवार एक करोड बढी

• लक्ष्मी उप्रेती



चारआली । झापाको चारआलीमा अवस्थित प्रसिद्ध धार्मिकस्थल श्री पाउँ पाथीभरा उत्तरगंगामा गत आर्थिक वर्ष २०८१–८२ मा एक करोड ४२ लाख ८१ हजार छ सय २१ रुपैयाँको आर्थिक कारोवार भएको छ ।

भक्तजनले पाउँ पाथीभरामा चढाएको रकम भेटीसहित विभिन्न शीर्षकमा उक्त रकम कारोवार भएको पाउँ पाथीभरा उत्तरगंगा पर्यटन प्रवर्द्धन समितिका अध्यक्ष लोकराज ढकालले जानकारी दिए । अध्यक्ष ढकालका अनुसार दानपेटीकाहरुबाट मात्रै ७४ लाख ७४ हजार छ सय ३५ रुपैयाँ संकलन भएको छ । यसैगरी सहयोग रसिदबाट ४४ लाख ४१ हजार, चार सय ३५,आजीवन सदस्यताबाट ८८ हजार सात सय ७३, जिन्सी सामान विक्रीबाट १२ लाख ३८ हजार पाँच सय छ रुपैयाँलगायतका शीर्षकमा रकम प्राप्त भएको समितिले जनाएको छ ।

सो अवधिमा बैंकबाट प्राप्त ब्याज,, विविध आम्दानी र अनलाइन आम्दानीलगायतबाट एकवर्षमा उक्त रकम कारोवार भएको अध्यक्ष ढकालले बताए । संकलित रकममध्ये समितिले ५७ लाख रुपैयाँ खर्च गरेर विभिन्न संरचना निर्माण गरेको छ । सुविधासम्पन्न शौचालय, धाम परिसरमा मार्बल, टायल्स ओछ्याउने तथा ट्रष्ट लगाएर एउटा भवनसमेत निर्माण गरेको ढकालको भनाई छ । यसअघिदेखि बैंक मौज्दात रकम एक करोड १२ लाख २१ हजार चार सय ४७ रहेको छ । यो अवधिको बैंक ब्याज मात्र पाँच लाख ६० हजार, विविध आम्दानी वापत ३० हजार सात सय २० रुपैयाँ, अनलाइन आम्दानी दुई लाख ५४ हजार तीन सय ५७ रुपैयाँ संकलन भएको समितिले जानकारी दिएको छ ।

समितिका अनुसार सेवा करारमा कार्यरत कर्मचारीको पारिश्रमिक रकम, ढुवानी तथा व्यवस्थापन, पंण्डितहरुको खाना, दैनिक पूजापाठका लागि नित्यकर्मलगायतमा रकम खर्च हुने गरेको छ । चारजना गुरुसहित नौजना कर्मचारी समितिले करारमा नियुक्ति गरेको छ । धार्मिक दृष्टिले महत्वपूर्ण पर्यटकीय स्थल श्री पाउँ पाथीभरा धाम पछिल्लो समय आन्तरिक तथा बाह्य तीर्थयात्रीको आकर्षणको रुपमा रहेको छ । मासिक २० देखि २५ हजार भक्तजनहरु पूजाआजाका लागि यहाँ आउने गरेका छन् । साताको मंगलबार शनिवार र विशेषगरी चाडपर्वका बखत यस धाममा भक्तजनको उल्लेखीय उपस्थिति हुने गरेको अध्यक्ष ढकालले जानकारी दिए ।

विभिन्न जाति, धर्म, संस्कार र सम्प्रदायका मानिसको आस्था पाथीभराप्रति चुलिँदो छ । मेचीनगरसहित छिमेकी पालिका र भारतको सिक्किम, पश्चिम बंगाल, बिहार, उत्तर प्रदेश भुटान र बंगलादेशसम्मका तीर्थयात्रीहरू यहाँ आउने गर्छन् ।

ताप्लेजुङमा रहेको मुख्य पाथीभरासहित पूर्वका विभिन्न स्थानमा शाखा पाथीभराहरू स्थापना गरिएका छन् । त्यही मध्येको एक हो झापाको चारआलीमा रहेको श्री पाउँ पाथीभरा धाम । यस क्षेत्रको अर्को महत्वपूर्ण धार्मिक तथ्य चारआली चोक पूर्वको एउटा नदी अलौकिक तवरले उत्तरतर्फ बहन पुगेको छ । यसको पनि छुट्टै धार्मिक महत्व रहेको छ । जुन नदीलाई उत्तरगंगा नामले पुकार्ने गरिएको छ । दुवै शक्तिपीठको संरक्षण एवम् सम्वर्द्धन गर्ने उद्धेश्यले श्री पाउँ पाथीभरा उत्तरगंगा प्रवेशद्वार पर्यटन प्रवर्द्धन समिति गठन गरेर विशुद्ध धार्मिक संस्थाको रुपमा जिल्ला प्रशासन कार्यालय झापामा विधान समेत दर्ता भएर २०७१ साल असोज ११ गतेदेखि श्री पाउँ पाथीभरा धामले परिचित भएको समितिको भनाई छ ।

यो धाम पछिल्लो समय आन्तरिक तथा बाह्य तीर्थयात्रीको आकर्षणको केन्द पनि बनेको छ । यो धाम बहुधार्मिक आस्थाको केन्द्रका रूपमा विकास हुँदै गएका कारण पनि धामप्रति आन्तरिक तथा बाह्य तीर्थयात्रीको आकर्षण बढेको समितिको भनाई छ ।

पाथीभरा धाम प्रवर्द्धनका लागि २०७१ सालमा समुदायस्तरबाट गठित श्री पाउँ पाथीभरा उत्तरगंगा प्रवेशद्वार पर्यटन प्रवर्द्धन समितिले पूर्वाधार विकास र प्रचार-प्रसारको काम गरिरहेको छ । साताको शनिवार र मंगलवार यहाँ पूजाआजाका लागि मानिसको निकै ठूलो भीड लाग्ने गर्दछ । मेचीनगर क्षेत्रबाट नभई पूजाआजाका लागि छिमेकी पालिका र अन्य जिल्ला र सीमावर्ती भारतका विभिन्न स्थानबाट पनि तीर्थयात्रीहरु आउने गरेको समितिका कोषाध्यक्ष लालबहादुर थेवेले बताए ।

पाथीभरा दर्शन र पूजाआजाका लागि उपयुक्त शनिवार र मंगलबार भएपनि हप्ताको सातैदिन तीर्थयात्रीहरू आइरहने उनको भनाई छ । धाम परिसरमा पाथीभर ासहित दुर्गा भवानी, विष्णु लक्ष्मी , हनुमान र अन्य भगवानका मूर्ति समेत राखिएको छ । त्यसले पनि मानिसलाई धामप्रति आकर्षण गर्ने गरेको छ ।

प्रचार–प्रसार र पूर्वाधारको विकाससँगै पाथीभरासम्म पुग्न धेरै सहज बनेको छ । पाथीभराको महत्व त्यहाँ धाम परिसरमा अवस्थित देवी र अन्य भगवनका मूर्तिकै कारणले बढेको हो । आजभोलि सबैले पाउँ पाथीभरा देवी भनेर चिन्छन् । पाउँ पाथीभरा धाम अब मन्दिर वा दर्शन गर्ने आधार मात्र नभएर संस्कृतिको रूपमा विकास हुँदैं गएको छ ।

पाउँ पाथीभरा दर्शनका लागि धेरै पहिलेदेखि नै तीर्थयात्रीहरु आउने गरेका थिए । शुरुमा स्थानीय तीर्थयात्रीहरुको मात्र भीड हुने भएपनि अहिले प्रचारप्रसार र पूर्वाधारको विकाससँगै पाथीभरासम्म पुग्न धेरै सहज बनेका कारण निकै टाढा टाढाबाट तीर्थयात्रीहरु आउने गरेका छन् ।

पाथीभरा धामको दर्शन र धाममा पूजाआजा गरेपछि मनोकांक्षा पूरा हुने जनविश्वास छ । धेरैले पाथीभरा दर्शन गरेपछि विभिन्न क्षेत्रमा सफलता प्राप्त गरेको बताउने गर्छन् । पाथीभरा धाममा मानिसको दुःख हरण गर्ने अद्वितीय शक्ति रहेको भन्दैं तीर्थयात्रीहरु पाथीभरामा अलौकिक शक्ति रहेको विश्वास समेत गर्छन् । पाथीभरा धामको लोकप्रियताकै कारण पूर्वका विभिन्न जिल्लामा शाखा पाथीभरा मन्दिरहरू पनि स्थापना गरिएको धार्मिक व्यक्तित्व पंण्डित टिकाप्रसाद खनालको भनाई छ ।

इलामको कुटीडाँडा, झापाको चारआलीमा स्थापित पाउँ पाथीभरा, तेह्रथुमको हरिसे, वसन्तपुर, टुटे देउराली, संखुवासभाको चौकीबजार, सिद्धेश्वरीमा पनि पाथीभरा मन्दिर स्थापना गरी दर्शन गर्ने क्रम बढेको छ। यी सबै ठाउँबाट ताप्लेजुङको मुख्य पाथीभरा रहेको ठाउँ देख्न सकिने उनको भनाई छ ।

पाथीभरा धामले मेचीनगरको परिचय मात्र दिएको छैन, पर्याप्त आम्दानीसमेत दिएको पूजाका सामग्रीहरु विक्री गर्दै आएका व्यवसायीहरु बताउँछन् । पाथीभरा धाममा पूजाआजा र दर्शन गर्न आउने एकजनाले औसतमा ५ सय देखि एकहजार रुपैयाँ खर्च गर्ने गरेको पाइएको व्यवसायीहरुको भनाई छ ।

अझै पनि यो धाममा गर्नुपर्ने थुप्रै कामहरु छन् । कमसे कम स्थानीय सरकारले यो धामलाई एउटा धार्मिक पर्यटकीय स्थलकारुपमा विकास गर्ने हो भने यसबाट स्थानीय सरकारको आम्दानीको स्थायी स्रोत बन्नेमा कुनै दुईमत छैन । यसमा स्थानीय सरकारले ढिला गर्नु हुँदैन ।

## विराट मेडिकल कलेजमा २ सय शय्याको स्त्री तथा प्रसूति भवन

विराटनगर(प्रस) । विराट मेडिकल कलेज टिचिङ हस्पिटल, टंकिसिनवारीमा स्त्री तथा प्रसूति सेवाका लागि समर्पित २ सय शय्याको अत्याधुनिक भवन मंगलबार उद्घाटन गरिएको छ । भवन उद्घाटन काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. अच्युतप्रसाद वाग्लेले गरे ।

नयाँ भवनसँगै अस्पतालले स्त्री तथा प्रसूति सेवामा पाँचवटा अत्याधुनिक अप्रेसन थिएटर, २ सय बेड क्षमताको वार्ड, ३० डिलक्स क्याबिन र छुट्टै गाइनो आईसीयू सञ्चालनमा ल्याएको छ । अस्पतालका अध्यक्ष डा. ज्ञानेन्द्रमान सिंह कार्कीका अनुसार यसले महिलाहरूलाई अझ सुरक्षित, गुणस्तरीय र सहज उपचार उपलब्ध गराउनेछ । सन् २०१४ मा स्थापना भएको विराट मेडिकल कलेज छोटो समयमा नै कोशी प्रदेशकै अग्रणी स्वास्थ्य संस्था बनेको छ । हाल २० भन्दा बढी विशेषज्ञ चिकित्सकहरूको टोलीले चौबीसै घण्टा सेवा प्रदान गर्दै आएका छन् ।

कार्यक्रममा उपकुलपति वाग्लेले अस्पतालले स्वास्थ्य सेवा र चिकित्सा शिक्षा दुवै क्षेत्रमा उदाहरणीय योगदान दिएको बताएका थिए । सो अवसरमा अस्पतालले बिरामीका आफन्त, चिकित्सक र कर्मचारीका लागि आधुनिक 'विराट खाजा घर' पनि सञ्चालनमा ल्याएको छ ।

## अलकत्राको गाडीमा आगलागी: एकजना घाइते,२० लाख क्षति

झापा(प्रस) । मेचीनगरमा पिच गर्ने क्रममा कंचन निर्माण सेवाको अलकत्रा बोकेको ट्यांकरमा आगलागी हुँदा एकजना घाइते भएका छन् ।

सोमवार साँझ ७:५० बजे मेचीनगर -९ दुर्गा मन्दिरस्थित भित्री सडकखण्डमा पिच गर्ने क्रममा मे १ ख ३१३७ न.को अलकत्राको ट्यांकरमा तातिएर अचानक आगलागी भएको हो । आगो निभाउने क्रममा कंचन निर्माण सेवाका कामदार सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका - ६ बस्ने ३१ वर्षीय उमेशकुमार राय घाइते भएका छन् । अनुहार,दुवै हात र खुट्टामा आगोको रापले पोलेर घाइते भएका रायलाई उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोड लगिएको छ । अलकत्राको ट्यांकर पूर्णरुपमा जलेर नष्ट भएको छ । आगलागीबाट करिव २० लाखको क्षति भएको कंचन निर्माण सेवाका संचालक केदार गिरीले बताए ।

प्रहरी , स्थानीयबासी र मेचीनगर नगरपालिकाको दमलकको सहयोगमा राति ९:२० बजे आगो नियन्त्रणमा आएको थियो । ट्यांकर चालक सिन्धुली सुनकोशी ७ बस्ने ४२ वर्षीय गणेश दाहाल भने सकुशल रहेका छन् ।

# सरकारी गाडीमा आगजनीको आरोप लागेका विद्यार्थी नेताले पाए सफाइ

विराटनगर(प्रस) । विराटनगरमा आन्दोलनका नाममा सरकारी गाडीमा आगजनी र तोडफोड गरेको आरोप लागेका सबै विद्यार्थी नेताहरूले अभियोगबाट सफाइ पाएका छन्। जिल्ला अदालत मोरङले विद्यार्थी नेतालाई सफाइ दिने फैसला गरेको हो। असार २२ गतेको फैसलाको पूर्णपाठ हालसालै तयार भएको छ। प्रमाणको अभाव देखाउँदै न्यायाधीश मेघनाथ चापागाईंको इजलासले आपराधिक उपद्रव मुद्दाका सबै प्रतिवादीलाई सफाइ दिने फैसला सुनाएको हो।

नेपाल विद्यार्थी संघ (नेविसंघ) र अखिल क्रान्तिकारीका कार्यकर्ताले २०८१ साल जेठ २७ गते बिहान रोडशेष चोकबाट सरकारी गाडीमा आगजनी गरेका थिए। कोशी प्रदेश योजना आयोगको कार्यालयतर्फ जाँदै गरेको को १ झ ६४४ नम्बरको गाडी महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस अगाडि जलाइएको थियो।

त्यसलगत्तै कञ्चनजंघा पार्टी प्यालेसमा नेपाल विद्युत प्राधिकरणको सभा भइरहेका बेला बाहिर पार्किङ गरेर राखिएका बा १ ञ १८८७, बीएबी ८१८०, बा १ ञ २४१९, बागमती प्रदेश ०१-००१ ञ २७०१ र बागमती प्रदेश ०१-००१ ञ २७९० नम्बरको गाडी तोडफोड गरिएको थियो। उक्त घटनामा संलग्न रहेको आरोपमा प्रहरीले विद्यार्थी नेताहरू सनिम ठकुरी, प्रशान्त यादव, प्रज्वल विष्ट, रोशनकुमार पासमान, मोहमद सलमान, भानु चेल, जयनारायण पाण्डे, देवकुमार साह, अभिमन्यू यादव र प्रोज्वल अधिकारीलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो। अभिमन्यू यादव र जयनारायण पाण्ड अखिल क्रान्तिकारीका नेता हुन्। अन्य प्रतिवादी नेपाल विद्यार्थी संघ महेन्द्र मोरङ क्याम्पस इकाइका नेता र ठकुरी महेन्द्र मोरङका पूर्वस्ववियु सचिव हुन्। नेपाल सरकार वादी रहेको उक्त मुद्दामा प्रतिवादीहरूमाथि मुलुकी अपराध संहिता, २०७४ को दफा २८५ विपरीत आपराधिक उपद्रव गरेको अभियोग लगाइएको थियो। तोडफोड र आगजनीबाट २७ लाख ७० हजार ५ सय ९६ रुपैयाँ २१ पैसा बराबरको



क्षति पुगेको अनुसन्धानबाट खुल्यो। अभियोग पत्रमा क्षतिपूर्ति पनि प्रतिवादीहरूबाटै भराउन माग गरिएको थियो। अदालतमा बयान दिने क्रममा प्रतिवादीहरूले आफूहरू घटनामा संलग्न नरहेको र राजनीतिक कारणले फसाउन खोजिएको जिकिर गरेका थिए। अधिकांशले घटनाको समयमा आफूहरू अर्कै स्थानमा रहेको बयान दिए। प्रहरीले घटनास्थल वरपरको सीसी टिभी फुटेज, विभिन्न सञ्चारमाध्यममा प्रसारित भिडियो तथा प्रत्यक्षदर्शीको बयानको आधारमा अनुसन्धान अगाडि बढाएको थियो। तर, अदालतमा पेस गरिएको सीसी टिभी फुटेजको सीडी स्क्र्याच भएका कारण खुलेन। अदालतमा कागज गर्ने व्यक्तिहरूले पनि प्रतिवादीहरूले नै कसूर गरेको भनी किटानी बयान दिन सकेनन्। 'वारदातस्थल वरपर प्राप्त सीसी टिभी फुटेजको भिडियोको इमेज उतार गरी यी प्रतिवादीहरू उक्त कसूरमा संलग्न रहेको भनी अनुसन्धानको क्रममा वारदात देख्ने व्यक्तिहरूबाट सनाखत गराइ मिसिल संलग्न राखेको भन्ने देखिँदैन। यस अदालतको आदेशानुसार अभियोग साथ पेस भएको सीसी टिभीको फुटेज रहेको सिडी/डिभिडी फाँटका कर्मचारी, सूचना प्रविधि सहायक तथा वादीप्रतिवादीका कानुन व्यवसायीको रोहबरमा हेरी इमेज प्रिन्ट गर्न लाग्दा उक्त सिडी/डिभिडी स्क्रयाच भएको कारण नखुलेकोले फुटेजको इमेज फोटो प्रिन्ट गर्न नसकिएको समेत भन्ने व्यहोराको कागज मिसिल सामेल रहेको पाइन्छ,' फैसलाको पूर्णपाठमा भनिएको छ।

अदालतले सनिम ठकुरी, प्रशान्त यादव, प्रज्वल विष्ट, रोशनकुमार पासमान, मोहमद सलमान, भानु चेल, देवकुमार साह र प्रोज्वल अधिकारीलाई अभियोग दाबीबाट सफाइ दिइसकेको छ। मुद्दाका अन्य प्रतिवादीहरू जयनारायण पाण्डे र अभिमन्यू यादव अदालतमा हाजिर नभएकाले उनीहरूको हकमा मुद्दा मुल्तबीमा राखिएको छ।

मोरङको रंगेलीमा दीपक यादवसहित ४ जना विद्यार्थी पक्राउ परेको विरोधमा आन्दोलित विद्यार्थीहरूले सरकारी सवारीसाधनमा आगजनी र तोडफोड गरेका थिए। नेपाल विद्युत प्राधिकरण र कोशी प्रदेश योजना आयोगको गाडीहरूमा आगजनी र तोडफोड गरिएको हो।

## बालिकाले लगाइन् आगो , घर र गोठ जलेर नष्ट

झापा(प्रस) । पाँचथरको मिक्लाजुङमा खेल्ने क्रममा बालिकाले आगो लगाउँदा घर र गोठ जलेर नष्ट भएको छ ।

सोमवार साँझ ७ बजे मिक्लाजुङ -२ दोकान डाँडा माङलुके गाउँ बस्ने ७३ वर्षीय मणिराम आङदम्बेको माटो, ढुङ्गा र काठले बनेको र फुसको छानो भएको एक तले घर र गोठघरमा थुपारेर राखेको खरमा उनकी नातिनीले खेल्ने क्रममा लाइटरले आगो लगाइएकी थिइन् । आगलागीबाट घर, गोठ पूर्णरुपमा जली नष्ट भएको छ ।

घर र घरभित्र रहेको अन्नपात, लत्ताकपडा, भाडाबर्तन ,नगद रु. १० हजारगरी छ लाख ७० हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ । स्थानीय र प्रहरीको सहयोगमा आगो साँझ ७:३५ बजे पूर्णरुपमा नियन्त्रणमा आएको थिया

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७०२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१(

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मीन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ